सर्वाधिक लोकप्रिय, निर्भीक, निष्पक्ष र पारदर्शी

ब्लास्ट टाइम्स

मोफसलको पहिलो ठूलो आकारको रङ्गीन राष्ट्रिय दैनिक

BLAST TIMES NATIONAL DAILY

www . blastkhabar .com

# छथर–जोरपाटी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
## जोरपाटी, धनकुटा, १ नम्बर प्रदेश, नेपाल

# पशु उत्पादन गाई वा भैंसी पालन/बंगुर पालन/बाख्रा पालन फार्म/बजार प्रवर्द्धन सम्बन्धी युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७५/०६/२५*

यस कार्यालयको आ.व.२०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन–व्यावसायिक गाई वा भैंसी पालन/बंगुर/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ वर्षदेखि ५० वर्ष उमेरका अर्ध बेरोजगार युवाहरुबाट शिलबन्दी प्रस्ताव आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सम्बन्धित सरकारी निकायहरुबाट विगत २ आर्थिक वर्षसम्म समान प्रकृतिका नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए सोही प्रकृतिका अनुदान कार्यक्रममा समावेश हुन पाउने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ औं दिनको १२:०० बजे भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम सम्बन्धित शाखामा राजश्व वापत रु.१०००/- को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्वाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशु सेवा शाखा अन्तरगत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरि प्रतिस्पर्धात्मक पद्धतीद्वारा सम्बन्धित स्तरका फार्महरुलाई पशुसेवा शाखाको स्वीकृत बजेट परिधि भित्र रही अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानकारी गराईन्छ । पुनश्च : कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नु हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशील :**

१. अनसुची २ अनुसारको आवेदन फारम ।

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. अन्य प्रमाणित प्रमाण पत्रहरु (फार्म दर्ता, कर चुक्ता, सम्बन्धित विषयको तालिम,शैक्षिक योग्यता, भाडाको जग्गा भए भाडाको सम्झौता पत्र आदि) प्रतिलिपिहरु ।

**संचालन हुने कार्यक्रम विवरण :**

| सि.नं. | विवरण | लक्ष्य (संख्या) | | |
|---|---|---|---|---|
| | | साना फार्म | मझौला फार्म | ठूला फार्म |
| १. | युवा लक्षित व्यावसायिक फार्म प्रवर्द्धन अनुदान कार्यक्रम (गाई वा भैंसि) | ६ | ३ | ० |
| २. | युवा लक्षित व्यावसायिक फार्म प्रवर्द्धन अनुदान कार्यक्रम (बंगुर) | २ | २ | ० |
| ३. | युवा लक्षित व्यावसायिक फार्म प्रवर्द्धन अनुदान कार्यक्रम (बाख्रा) | २ | १ | ० |
| ४. | युवा लक्षित पशुपंक्षि बजार प्रवर्द्धन कार्यक्रम मासु पसल निर्माण सुधार अनुदान कार्यक्रम | २ | ० | ० |
| ५. | चिलिङ्ग भ्याट (५०%) अनुदान | (५०० लि.) २ | (१००० लि.) २ | ० |

**विस्तृत जानकारीको लागी छथरजोरपाटी गाउपालिकाको कार्यालय, पशु सेवा शाखा जोरपाटी धनकुटामा सम्पर्क राख्नु हुन वा गाउपालिकाको घ्मदकष्तभ हेर्नु हुन अनुरोध छ ।**